www.mithilaratna.com
सुशासन र संस्कृतीको सम्वाहक
जि.प्र.का.सिरहा द.नं. १११/०७६/०७७

# मिथिला रत्न

Mithila Ratna Daily National Newspaper
राष्ट्रिय दैनिक

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस् । हामी तपाइलाई उचित स्थान दिने छौ । साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने

मो.नं. ९८०५९२७५३०
ईमेल : shivdayaly520@gmail.com

वर्ष : ७ अंक : १४९ २०८२ पुस २४ गते बिहीवार (Thursday 08 January. 2026) मूल्य रु ५/–

## भगवानपुर गाउँपालिकाको मानवीय पहल : घाइते अर्जुन मण्डलको उपचारका लागि ५ लाख १ हजार सहयोग



सिरहा, २३ पुस । सिरहाको भगवानपुर गाउँपालिकाले सवारी दुर्घटनामा गम्भीर घाइते भएका स्थानीय अर्जुन मण्डलको उपचारका लागि ५ लाख १ हजार रुपैयाँ आर्थिक सहयोग जुटाई पीडित परिवारलाई हस्तान्तरण गरेको छ । भगवानपुर गाउँपालिका वडा नं. ४ ठाडी निवासी मण्डल दुर्घटनापछि जीवन र मृत्युबीच संघर्षरत छन् । कमजोर आर्थिक अवस्थाका कारण उपचार खर्च जुटाउन कठिनाइ भएपछि गाउँपालिका अध्यक्ष उग्र नारायण यादवको नेतृत्वमा जनप्रतिनिधि, कर्मचारी, शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा स्थानीय दाताहरूको सहभागितामा व्यापक सहयोग अभियान सञ्चालन गरिएको हो ।

गाउँपालिकाको अगुवाइमा संकलित उक्त रकम सोमबार सञ्चारकर्मीहरूको उपस्थितिमा आयोजित औपचारिक कार्यक्रममार्फत घाइतेका परिवारलाई हस्तान्तरण गरिएको छ । संकलित रकममध्ये गाउँपालिका कार्यपालिकाबाट ६५ हजार रुपैयाँ, भगवानपुर स्वास्थ्य कार्यालयबाट २१ हजार ५ रुपैयाँ तथा विभिन्न स्वास्थ्य चौकीहरूबाट १० हजार रुपैयाँ सहयोग प्राप्त भएको छ । यस्तै, गाउँपालिका भित्रका माध्यमिक तथा आधारभूत विद्यालय र मदरसाहरूबाट ७५ हजार ५ सय रुपैयाँ संकलन गरिएको छ ।

गाउँपालिका अध्यक्ष उग्र नारायण यादवबाट व्यक्तिगत रूपमा १० हजार रुपैयाँ, उपाध्यक्षबाट ५ हजार १ सय रुपैयाँ, प्रमुख प्रशासकीय अधिकृत प्रमोद कुमार साहबाट ५ हजार ५ सय रुपैयाँ तथा वडाध्यक्ष र कर्मचारीहरूबाट पनि व्यक्तिगत सहयोग प्राप्त भएको छ । दुर्घटनामा संलग्न पक्ष अनिल पासमानबाट २ लाख रुपैयाँ सहयोग प्राप्त भएको छ भने समाजसेवी सत्य नारायण साह, बबलेश मण्डललगायत स्थानीय दाताहरूबाट पनि आर्थिक सहयोग जुटाइएको छ ।

उपचार खर्चको ठूलो बोझले थिचिएको मण्डल परिवारका लागि यो सहयोग महत्वपूर्ण राहत बनेको छ । परिवारजनले

-बाँकी तीन पेजमा

## चक्कु प्रहारबाट युवक घाइते

वीरगन्ज, २३ पुस । वीरगन्ज–१६ फूलबारी टोलमा मंगलबार साँझ पुरानो विवादका कारण भएको झगडामा चक्कु प्रहारबाट एक युवक घाइते भएका छन् । साढे ६ बजेको समयमा उक्त घटना भएको हो । वीरगन्ज–१६ नगवाका १८ वर्षीय सुरज महतोलाई पुरानो वादविवादका कारण कुटपिट तथा चक्कु प्रहार गरी घाइते बनाइएको थियो । प्रहरीले महतोलाई नारायणी अस्पतालमा उपचारार्थ भर्ना गरेको छ । उनको पेटमा १ इन्च गहिरो घाउ रहेको छ । उनी खतरामुक्त छन् । घटनामा संलग्न रहेका वीरगन्ज–१६ फूलबारी टोलका २० वर्षीय सोनी श्रीवास्तव, उनका भाइ १८ वर्षीय मोनु श्रीवास्तव र २२ वर्षीय विक्की पटेल फरार रहेका छन् । उनीहरूको खोजतलास भइरहेको पर्सा प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले जानकारी दिएका छन् ।

## इजाजत बिना सञ्चालित निजी स्वास्थ्य संस्थालाई कागजात पेश गर्न प्रशासनको निर्देशन




सिरहा, २३ पुस । सिरहा जिल्लामा इजाजत बिना वा स्वीकृत सेवाभन्दा फरक सेवा प्रवाह गर्दै आएका निजी अस्पताल, पोलिक्लिनिक तथा एम्बुलेन्स सञ्चालनकर्तालाई जिल्ला प्रशासन कार्यालय सिरहाले सात दिनभित्र आवश्यक कागजातसहित उपस्थित हुन निर्देशन दिएको छ । जिल्ला प्रशासन कार्यालय सिरहाले सूचना जारी गर्दै जिल्लाभित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले सम्बन्धित सरकारी निकायबाट प्राप्त इजाजत, स्वीकृतिपत्र, नवीकरणलगायत अन्य आवश्यक कागजातहरू पेश गर्न आग्रह गरेको हो ।

सूचनामा उल्लेख भएअनुसार, स्वास्थ्य सेवामा सक्रिय रहेका मेडिकल, अस्पताल, पोलिक्लिनिक तथा एम्बुलेन्स सञ्चालकहरूले इजाजत नलिई वा इजाजत लिएको सेवाभन्दा फरक सेवा सञ्चालन गरिरहेको भन्ने गुनासो तथा जानकारी प्राप्त भएपछि यस्तो निर्देशन जारी गरिएको जनाइएको छ ।

## वीरगन्जको जनजीवन सामान्य बन्दै

वीरगन्ज, २३ पुस । सर्वदलीय/सर्वपक्षीय बैठकले विगत केही दिनदेखिको विरोध प्रदर्शनका सम्बन्धमा सहमति भई टुंगो लगेपछि आज बिहानदेखि वीरगन्जको जनजीवन सामान्य बन्दै गइरहेको छ । लगातार दुई दिनदेखि विरोध प्रदर्शनका कारणले यहाँ कर्फ्यु' जारी गरिएको थियो । मंगलबार बेलुकादेखि भने यहाँका बजार छिटफुट रूपमा खुले पनि आजदेखि जनजीवन सामान्यतर्फ अघि बढेको छ । यहाँका विद्यालय, बजार, उद्योगधन्दा तथा कलकारखाना पनि पूर्णमा रूपमा सञ्चालनमा आएका छन् । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले वीरगन्जको जनजीवन सामान्य बन्दै गइरहेको बताए । 'सर्वदलीय तथा सर्वपक्षीय बैठकमा सहमति जुटेसँगै यहाँको जनजीवन सामान्य भइरहेको हो,' उनले भने । प्रमुख जिल्ला अधिकारी दाहालले सामाजिक र धार्मिक आस्थासँग जोडिएको विषयमा दुई समुदायबीच विवादको अवस्था सिर्जना हुनसक्ने भएकाले सम्भावित जोखिमलाई मध्यनजर गरेर शान्ति सुरक्षा कायम राख्न कर्फ्यू आदेश

-बाँकी तीन पेजमा

## चिसो बढ्दा मधेसका मूर्तिकार चिन्तित, सरस्वती पूजाका लागि मूर्ति बनाउन सकस

जनकपुर, २३ पुस । मधेसमा पछिल्लो समय अत्यधिक चिसोका कारण विभिन्न वर्ग र समुदायका दैनिक पेसा–व्यवसाय ठप्पजस्तै बनेको छ । जाडोका कारण काम गर्न नसक्दा आर्थिक भार थेग्न नसक्ने अवस्थामा पुगेको स्थानीयहरू बताउँछन् । यसरी प्रभावित हुनेमा मूर्तिकारसमेत छन् । हिन्दु धर्मावलम्बीहरू आगामी माघ ९ गते सरस्वती पूजा मनाउने तयारीमा छन् । विद्याकी देवी भनिने सरस्वतीको पूजा विशेषगरी सबै शैक्षिक संस्थामा आयोजना गरिन्छ । सरस्वती पूजाका लागि मूर्ति बनाउन मूर्तिकारहरूलाई चटारो छ । माटोको मूर्ति बनाएर शृङ्गार गरी बिक्री गर्ने उनीहरूले विभिन्न धार्मिक अवसरमा देवी–देवताको मूर्ति बनाएरै गुजारा चलाउने गरेका छन् । मधेसमा मूर्ति बनाउने कुम्हार समुदायको पुर्ख्यौली पेसा हो । यद्यपि पछिल्लो समय विभिन्न जाति तथा समुदायका मानिसहरू यस पेसामा संलग्न हुँदै आएका छन् । सरस्वतीको मूर्ति बनाउन चटारो बढ्दै गएको समयमा चिसोका कारण काम गर्न नसक्दा कुम्हार समुदाय चिन्तित हुन थालेको छ । महोत्तरी जिल्लाको मटिहानी नगरपालिका–७ निवासी रामनाथ खतबे अहिले सरस्वतीको मूर्ति

-बाँकी तीन पेजमा

## ६ हजार क्विन्टल धान खरिद, लक्ष्यको आधा पूरा



जनकपुर, २३ पुस । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेस प्रदेश कार्यालय जनकपुरधामले धनुषा र महोत्तरीका किसानबाट हालसम्म ६ हजार २७५ क्विन्टल सोना मन्सुली धान खरिद गरेको छ । गत मङ्सिर २८ गतेदेखि धान खरिद प्रक्रिया सुरु गरेको कम्पनीले अहिले दैनिक ५ देखि १५ जना किसानको धान संकलन गरिरहेको छ। हालसम्म १६५ जना किसानले स्थानीय तहको सिफारिसमा आफ्नो उत्पादन बिक्री गरिसकेका छन् । कम्पनीले यस वर्ष कुल १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य राखेको छ, जसको करिब आधा हिस्सा संकलन भइसकेको छ । प्रतिकिसान

-बाँकी तीन पेजमा

**मिथिला रत्न प्रकाशनको लागि**

प्रकाशक/सम्पादक: शिव दयाल यादव
मो.नं. ९८०५९२७५३०
सल्लाहकार : दीप कुमार यादव
व्यवस्थापक : दिपेश कुमार यादव
संवाददाताहरु: बिनय यादव, विनोद मण्डल संजय कुमार विश्वकर्मा, विजय सिंह
कम्प्युटर ले-आउट: मिथिला रत्न न्युज डेस्क
ईमेल : shivdayaly520@gmail.com
कार्यालय : विष्णुपुर गा.पा :- १, सिरहा
मुद्रक : आयुष्मान अफसेट प्रेस,


## सम्पादकीय..

## चुनावी अनुशासन

जेन–जी आन्दोलनपछि अन्योल र अस्तव्यस्त बनेको मुलुक क्रमशः लयमा फर्कंदै छ । आन्दोलनले उठाएका परिवर्तनका मागलाई संस्थागत गर्न आउँदो फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन हुँदै छ । निर्वाचन प्रक्रिया औपचारिक रूपमा सुरु भइसकेको छ । नेपालको निर्वाचन प्रणाली मिश्रित खालको छ, जसअनुसार समानुपातिक प्रणालीबाट ११० जना र प्रत्यक्ष प्रणालीबाट१६५ जना प्रतिनिधि सभा सदस्य चयन हुन्छन् । यसरी २७५ सदस्यीय प्रतिनिधि सभाको व्यवस्था गरिएको छ ।

नेपाल सघीय लोकतान्त्रिक गणतन्त्र जस्तो उन्नत राजनीतिक प्रणालीमा अभ्यासरत छ । यस व्यवस्थाको कुशल व्यवस्थापन गर्दै देशलाई स्थायित्व र समृद्धितर्फ डोऱ्याउनु आजको प्रमुख आवश्यकता हो । लोकतन्त्र जनमतमा आधारित प्रणाली भएकाले यसको वास्तविक मालिक जनता हुन् । जनताले दिने मत नै निर्णायक हुन्छ र जनमत अभिव्यक्त गर्ने प्रमुख माध्यम निर्वाचन हो । निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित भए मात्र योग्य र सक्षम प्रतिनिधि छनोट हुन सक्छन् । त्यस्ता जनप्रतिनिधि संसद्मा पुगेपछि मात्रै लोकतन्त्रको संस्थागत विकास सम्भव हुन्छ । यदि निर्वाचन प्रक्रिया स्वच्छ हुन सकेन भने गलत प्रवृत्तिका व्यक्ति नेतृत्व तहमा पुग्ने खतरा रहन्छ । पद, पैसा र शक्तिको दुरुपयोग हुने अवस्था सिर्जना भएमा निर्वाचनको विश्वसनीयता गुम्छ र त्यसको प्रत्यक्ष असर समाजमा नकारात्मक रूपमा पर्छ ।

यही कारण निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, मर्यादित र भयरहित बनाउन विभिन्न कानुन, ऐन र नियम बनाइएका छन् । निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचनको तयारी तीव्र बनाएको छ । राजनीतिक दलहरूले समानुपातिकतर्फको बन्दसूची आयोगमा पेस गरिसकेका छन् । यसै सन्दर्भमा आयोगले निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरिसकेको छ । आचारसंहिताको मस्यौदा तयार गरी सर्वसाधारणको सुझावसमेत संकलन गरिएको थियो । ती सुझावका आधारमा अन्तिम रूप दिई आचारसंहिता स्वीकृत गरिएको हो । आयोगले आउँदो माघको पहिलो सातादेखि सार्वजनिक रूपमा आचारसंहिता लागू गर्ने तयारी गरेको छ ।

आचारसंहिता निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउन बनाइएको कानुनी दस्तावेज हो । यसलाई केवल नैतिक अपिलका रूपमा मात्र हेर्न मिल्दैन । निर्वाचन आयोगले लागू गर्ने आचारसंहिता बाध्यकारी र दण्डात्मक हुनुपर्छ । उल्लघन गर्नेलाई कडा कारबाही गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनु आवश्यक छ । आचारसंहिता नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकार, मन्त्री, संवैधानिक निकाय, कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, उम्मेदवार, भ्रातृ संगठन र सार्वजनिक पद धारण गरेका सबै व्यक्तिमा लागू हुन्छ ।

विगतमा आचारसंहिता पालनाको अवस्था सन्तोषजनक देखिएको छैन । तीन वर्षअघि भएको प्रतिनिधि सभा निर्वाचनमा आयोगले आचारसंहिता उल्लघन गर्ने २१ जनामाथि जरिबाना र विभागीय कारबाहीको निर्देशन दिएको थियो । विगतमा आचारसंहिता उल्लघन गरी जरिबाना नतिरेका वा कारबाही नभएका व्यक्तिको उम्मेदवारी आगामी निर्वाचनमा रद्द हुन सक्ने व्यवस्था छ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले यसपटकको आचारसंहितामा सुधारात्मकसँगै दण्डात्मक व्यवस्था समेटिएको स्पष्ट गर्नुभएको छ । जेन–जी आन्दोलनपछि उत्पन्न विशेष परिस्थितिमा हुन गइरहेको यस निर्वाचनलाई निष्पक्ष र विश्वसनीय बनाउनु आयोगको मुख्य दायित्व हो । त्यसका लागि राज्यका निकाय, राजनीतिक दल, उम्मेदवार र नागरिक सबैको जिम्मेवार भूमिका अपरिहार्य छ ।

# ढुङ्गा हान्ने हात, होस चिन्ने मन

**'ध्यान गर्दैगर्दा कुनै कुरा सम्झनु असफलता होइन त्यो त शुद्धीकरणको सुरुआत पनि हो। मन चलेको छ भन्दैमा ध्यान बिग्रिएको भन्न पनि मिल्दैन। बरु मन चलेको छ भन्ने थाहा पाउनु नै चेतनाको पहिलो संकेत हो ।'**

**सोविता सिम्खडा**




बैंककको यो विशाल स्तूपको फेदीमा नाङ्गो खुट्टा हिंडिरहेकी छु । तातो पत्थरले पैतालालाई स्पर्श गर्दा एउटा अनौठो ऊर्जा शरीरमा सञ्चार भएको महसुस हुन्छ । वरिपरि घण्टीको मधुर आवाज छ, हावामा धूपको मन्द सुवास घोलिएको छ र मेरो अनुहारमा कुनै हतार छैन । ध्यान शिविरको चार दिन सिध्याएर म यहाँ स्तूपको शरणमा आएकी हुँ, तर यो घुमाइ केवल बाहिरी होइन, यो त एउटा गहिरो भित्री यात्रा पनि हो । थाइल्याण्डसँग मेरो नाता आत्मीय भइसक्यो । ध्यान गराउन सात पटक र घुमघामका लागि दुई पटक गरी यो मेरो नवौं पटकको थाइल्याण्ड यात्रा हो। म यहाँ एक्लै छैन, मेरो साथमा मेरो बुबा हुनुहुन्छ, जसको आँखामा जीवनको अनुभव र ध्यानको गहिराइ छ । अनि हामी दुवैलाई आफ्नो वात्सल्यले साथ दिने मेरी आमा हुनुहुन्छ । हामी यहाँ कुनै साधारण पर्यटक बनेर होइन, ओशोको त्यो क्रान्तिकारी सन्देश र ध्यानको प्यास मेटाउन आएका हौं । एउटै परिवारका सदस्यहरू यसरी एउटै आध्यात्मिक बाटोमा हिंड्नु, ओशोको मौनको सङ्गीत' सँगै सुन्न पाउनु आफैंमा एउटा दिव्य सौभाग्य हो ।

बैंककमा घुम्ने ठाउँ त अनगिन्ती छन्, चमकधमकपूर्ण मल, व्यस्त बजार र रङ्गीन रात्रि जीवन। जसले जे रोज्छ, उसले यहाँ त्यही पाउँछ । तर मेरो रोजाइ भने हरेक पटक यस्तै स्तूपहरूमा आएर अडिन्छ । किनकि ध्यान शिविरको त्यो मौनतापछि मन अझै शान्ति र स्थिरता नै खोजिरहेको हुन्छ । स्तूपको पूरा फन्को लगाएर अन्ततः म एउटा शान्त कुनामा बस्न पुग्छु । अगाडि बुद्धको ठूलो तस्वीर छ, कुनै आदेश छैन, कुनै प्रश्न छैन, बस् एउटा शान्त र जीवन्त उपस्थिति छ । त्यो तस्वीरतिर हेर्दा म आफैंतिर फर्किरहेको महसुस गर्छु । यहाँ कसैले सोध्दैन, कुन देशबाट आएको ? कुन विचार बोकेको ? कुन पहिचान अँगालेको ?' यहाँ त केवल मौनले एउटै कुरा सोध्छ, यस क्षणमा तिमी छौ कि छैनौ ?'

थाइल्याण्ड सम्पन्न छ किनकि यहाँका मान्छेहरूले आफ्नो काममा ध्यान दिएका छन् । हामी नेपाली भने कामभन्दा बढी गफ र आलोचनामा अल्झिएका देखिन्छौं । बुद्धको त्यो शान्त तस्वीरतिर हेर्दा लाग्छ, उनले कुनै भाषण दिएर संसार जितेका होइनन्, आफ्नो भित्री मौनताले जितेका हुन् । जसरी शान्त तालमा तरंगहरू बग्छन् । धेरै पटकको यो आउजाउमा हाम्रा धेरै थाई, बर्मेलीहरू नेपाली साथी बनेका छन् । मित्रताको एउटा यस्तो सुन्दर माला उनिएको छ, जहाँ शब्दभन्दा बढी भावको प्रधानता छ। उनीहरूलाई हाम्रो रुचि कण्ठै छ । हाम्रो रोजाइमा सधैं शाकाहारी भोजन र शान्त मन्दिरहरू हुन्छन् भन्ने उनीहरूलाई राम्ररी थाहा छ । त्यसैले त कहाँ जाने? के खाने ?' भनेर हामीले सोच्नै पर्दैन, उनीहरूले नै हाम्रा लागि सबै कुरा पहिल्यै सोचेका हुन्छन् ।

उनीहरूको यो निःस्वार्थ सेवा देख्दा लाग्छ, जब मान्छेको अहंकार बाहिरै जुत्तासँगै छुट्छ, तब मात्र ऊ साँचो अर्थमा मान्छे' बन्छ । ती थाई साथीहरूलाई हेर्दा म कहिलेकाहीं गहिरो सोचमा डुब्छु । उनीहरूलाई आफ्नो देशको कुनै चिन्ता छैन, किनकि उनीहरूको देश आफैंमा सम्पन्न छ, स्थिर छ र पद्धतिमा चलेको छ । तर मेरो मन भने सात समुद्र पारि आफ्नै नेपालतिर दौडिन्छ । केही दिनको लागि यहाँ आउँदा पनि नेपाल किन याद आउँछ? किनभने हामी जहाँ गए पनि आफ्नो जरा' को धुलो आफ्नो जुत्ताको तलुवामा टाँसेरै हिंड्दा रहेछौं ।

म आँखा चिम्लिएर बुद्धको मूर्तिअगाडि ध्यानमा बसेकी छु । तर मेरो मन भने यो शान्ति छोडेर सिधै नेपालको कोलाहलमा पुग्छ । म आफैंसँग सोध्छु, म त यहाँ शान्त हुन आएको, तर मेरो मन किन यति छिट्टै बेचैन दृश्यतिर फर्कियो ?' धेरैले सोध्नुहुन्छ ध्यान गर्दा किन धेरै कुरा सम्झिन थालिन्छ ? किन मौन खोज्दा मन झन् चलायमान र चञ्चल हुन्छ ? यसको उत्तर कति सरल तर गहिरो छ । ध्यान भनेको स्विच थिच्ने बित्तिकै अँध्यारो हुने कोठा जस्तो होइन । यो त एउटा प्रक्रिया हो । जसरी धमिलो पोखरीलाई सफा गर्नुअघि त्यसको पिंध चलाउँदा तल जमेको लेदो हवारहवार्ती माथि आउँछ । वर्षौंदेखि दबाएर राखेका स्मृति, अधुरा प्रश्न र भावनाहरू सतहमा आइरहेका हुन्छन् ।

त्यसैले ध्यानमा सम्झनु असफलता होइन त्यो त शुद्धीकरणको सुरुआत पनि हुन्छ । मन चलेको छ भन्दैमा ध्यान बिग्रिएको भन्न पनि मिल्दैन । बरु मन चलेको छ भन्ने थाहा पाउनु नै चेतनाको पहिलो संकेत हो । शायद यसै कारण मौन खोज्दा मन पहिला झन् धेरै बोल्न थाल्छ । म आँखा चिम्लिरहेकी छु, तर मन अब अलिकति फरक ढंगले चलायमान छ । अब यो भागिरहेको छैन, देखिंदैछ । त्यही देखाइको बीचमा, अचानक नेपालको एउटा विरोधाभासपूर्ण चित्र आँखामा नाच्न थाल्छ । एकातिर मौसम फेरिंदैछ, अर्कातिर काठमाडौंदेखि तराईसम्म चुनावको त्यो राप छ । यो केवल गर्मी बढेको मात्र होइन, यो त राजनीतिको त्यो राप हो जसले हरेक नेपालीको मनलाई तातो बनाइरहेको छ । सत्ताको लुकामारी, आश्वासनका पोकाहरू र विचारधाराको टकरावले देश एउटा अन्योलको साथ भुमरीमा छ । मान्छेहरू परिवर्तनको कुरा त गर्छन्, तर त्यो परिवर्तन सधैं अर्काले गरिदेओस्' भन्ने आशामा । काठमाडौंका ती धुलाम्य सडक, मान्छेहरूको अनुहारमा देखिने त्यो छटपटी, बेचैनी सबै चित्र बनेर मेरा अगाडि आइपुग्छन् । हाम्रो देशको असली समस्या राजनीतिक अस्थिरता मात्र होइन, हाम्रो सामूहिक अधीरता' र अशान्त मन' पनि हो ।

हामी बाहिर त व्यवस्था बदल्न सडकमा उत्रिन्छौं, तर आफूभित्रको आक्रोश र अहंकारको व्यवस्थापन गर्न कहिल्यै प्रयत्न गर्दैनौं कहिल्यै सोच्दैनौं । ओशोले भन्नुभए झैं, भ्रमित मनले गर्ने प्रेमले झन् बढी अशान्ति निम्त्याउँछ ।' त्यसैले देशलाई प्रेम गर्न पनि त पहिले आफूभित्रको यो युद्ध शान्त गर्नुपर्ने हुन्छ । जब म भित्रै अशान्त छु भने मैले दिने प्रेमले कसरी शान्ति ल्याउला र ? विचारहरू बद्दै जान्छन्, श्वासको गति अलि छिटो भए जस्तो । म आफैंलाई फेरि सोध्छु, जबर्जस्ती आँखा चिम्लेर बस्ने?' होइन। म विस्तारै आँखा खोल्छु । र, महसुस गर्छु, आँखा खोल्नु भनेको ध्यानबाट भाग्नु होइन । यो त वर्तमानमा फर्कने एउटा सजिलो ढोका हो । र अर्को कुरा हामी जहाँ छौं, त्यहींबाट ध्यान शुरु हुन्छ । विचारलाई रोक्नुपर्दैन,

***–बाँकी अन्तिम पेजमा***

# मधेश : कांग्रेसका बहुमत प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा

जनकपुर, २३ पुस । विशेष कि नियमित महाधिवेशनबारे कांग्रेसमा विवाद चर्किएको बेला मधेश प्रदेशका बहुमत महाधिवेशन प्रतिनिधि भने विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । विशेष महाधिवेशनको पक्षमा मधेश प्रदेशका ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरिसकेका छन् । उनीहरू पुस २६ गते रात्रिकालीन बसमा काठमाडौं प्रस्थान गर्ने तयारीमा छन् । कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको सबै प्रक्रिया अघि बढाएका बेला मधेश प्रदेशमा यसको पक्षमा अझै महाधिवेशन प्रतिनिधि थप्ने अभियानमा थापा–शर्मा समर्थक




कसरत गरिरहेका छन् । मधेश प्रदेशका ८ जिल्लामा ८ सय २३ जना महाधिवेशन प्रतिनिधिमध्ये ४ सय १६ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरिसकेका छन् । हस्ताक्षर थपिने क्रममा रहेको थापा पक्षधर नेताहरूको दाबी छ । महामन्त्री थापा पक्षधर मधेश कांग्रेस समितिका उपसभापति वीरेन्द्र सिंहका अनुसार विशेष महाधिवेशनको पक्षमा महाधिवेशन प्रतिनिधि तान्न छलफल र कुराकानी भइरहेको छ । विशेष महाधिवेशनमा सहभागी हुन हामी पुस २६ गते काठमाडौं जाँदैछौं,' कांग्रेस मधेश समितिका उपसभापति सिंहले भने,हस्ताक्षर नगरेका महाधिवेशन प्रतिनिधिलाई

***–बाँकी तीन पेजमा***

### वीरगन्जको...

जारी गरिएको बताए । सम्भावित जोखिम हुन नदिन र अवस्था सामान्य बनाउन सोमबारदेखि यहाँ कर्फ्यु लगाइएकामा सर्वपक्षीय बैठकमा सहमति जुटेसँगै कर्फ्यु हटाइएको उनले जानकारी दिए ।

स्थानीय प्रशासनले लगाउँदै आएको कर्फ्यु हटाइएसँगै वीरगन्जको बजारमा सर्वसाधारणको चहलपहल देखिएको छ भने वीरगञ्जको मेनरोडमा रहेका पसलहरू सञ्चालनमा आएका छन् । यस्तै रिक्सा, टाँगा, मोटरसाइकल तथा अन्य सवारीसाधन पनि पूर्ववत् रुपमा चलिरहेका छन् । जिल्ला प्रशासन कार्यालयको अगुवाइमा मंगलबार बसेको सर्वदलीय/सर्वपक्षीय बैठकले सहमति जुटाएसँगै सोमबारदेखि लगाइएको कर्फ्यु मंगलबार दिउँसो ३ बजेदेखि हटाइएको थियो ।

### भगवानपुर...

गाउँपालिका र सहयोगी सबैप्रति धन्यवाद व्यक्त गर्दै अर्जुन मण्डलको स्वास्थ्यमा सुधार आउने विश्वास व्यक्त गरेका छन् । यस पहलले स्थानीय सरकार विकास निर्माणसँगै नागरिकको जीवन र संकटमा पनि जिम्मेवार अभिभावकको भूमिका निर्वाह गरिरहेको सन्देश प्रवाह गरेको छ ।

### चिसो बढ्दा मधेसका...

बनाउन व्यस्त छन् । उनले भने, हाम्रो पुर्ख्यौली पेसा भनेकै बिहेको समयमा बेहुला–बेहुलीलाई माफा, खरखरिया र पाल्कीमा बोकेर लैजाने तथा भार–पाहुर बोक्ने थियो, तर समयसँगै समाज परिवर्तन भयो । यो पेसालाई हेयका दृष्टिले हेर्न थालिएका कारण मूर्ति बनाउने पेसा रोज्नु पर्‍यो । 'रामनाथ आफूले कसैको पुर्ख्यौली पेसा खोसेको नभई आफ्नै रुचिले मूर्तिकला रोजेको बताउँछन् । म १७ वर्षको हुँदा नै मूर्ति बनाउन रहर थियो । निरन्तर अभ्यास गर्दै यस पेसामा लागेको करिब ३० वर्ष भइसक्यो,' उनले भने । यही पेसाबाट उनले परिवारको जीविकोपार्जन गर्दै आएका छन् । उनका अनुसार वर्षमा चार महिनामात्रै माटोको मूर्ति बनाउने सिजन हुन्छ । भदौमा कृष्ण जन्माष्टमी, असोजमा विश्वकर्मा पूजा र दुर्गा पूजा, कात्तिकमा काली, लक्ष्मी र माघमा सरस्वतीको मूर्ति बनाइन्छ । बाँकी आठ महिना खेतपातीको काम तथा समय मिल्दा सिमेन्टका मूर्ति बनाएर जीवन चलाउनुपर्ने बाध्यता छ ।

यसपालि अत्यधिक जाडोले मूर्ति बनाउन निकै समस्या भएको रामनाथ बताउँछन् । चिसोले हात चल्दैन, घाम नलाग्दा मूर्ति सुक्नै गाह्रो हुन्छ । माटोले बनाएको मूर्ति राम्ररी नसुकेसम्म मूर्तिमा रङ बस्दैन, चिरा पर्ने डर हुन्छ,' उनले भने । रामनाथका अनुसार मूर्तिको मूल्य त्यसको आकार हेरी ४ हजारदेखि ४० हजार रुपैयाँसम्म पर्छ । अहिले उनी महँगो र अर्डर आएको मूर्तिमात्र बनाइरहेका छन् । कामदारहरू जाडोका कारण आउन मान्दैनन्, आए पनि काम हुँदैन,' उनले भने । विगतका सिजनमा सबै खर्च कटाएर तीन–चार लाख रुपैयाँसम्म आम्दानी हुने गरेको भए पनि यस वर्ष आम्दानी अनिश्चित बनेको उनको भनाइ छ । चार सन्तानसहित सात जनाको परिवार पाल्नुपर्ने रामनाथले भने, दिन छोटो भएकाले बिहान १० बजेतिर मात्रै काम थाल्छु, तीन–चार बजे छोड्नुपर्छ । चिसो सहन नसक्दा कामको गति घटेको छ ।' मूर्ति बिक्री नहुँदा ठुलो घाटा हुने डर पनि उत्तिकै छ । ऋण काढेर माटो किनेको छु, मूर्ति बनाउने घर भाडामा लिएको छु, अन्य मूर्तिकारलाई ज्याला दिनुपर्छ । बाँस, काठ, काँटी, रङ सबै नगद किनेर ल्याउनुपर्छ, उधारो कसैले दिँदैन,' रामनाथले भने । समाजमा मूर्तिकलालाई राम्रो दृष्टिले नहेरिने भएकाले नयाँ पुस्ता यस पेसामा आउन नचाहेको उनी बताउँछन् । अब मूर्ति बनाउन कोही चाहँदैन । पैसा कसरी कमाउने, परिवार कसरी पाल्ने भन्ने चिन्ताले युवाहरू यो पेसाबाट टाढा छन्,' उनले भने । तर आफ्नो एक छोरालाई भने यो कलामा लगाउने उनले दृढता व्यक्त गरे । रामनाथका अनुसार पहिले थोरै संख्यामा मूर्ति बिक्री हुने गरे पनि अहिले संख्यात्मक रूपमा माग बढेको छ, तर मूर्तिकारको संख्या नबढ्दा परम्परागत मूर्तिकला सङ्कटमा पर्ने खतरा देखिएको उनको भनाइ छ ।

### ६ हजार क्विन्टल...

अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्ने नीति भए पनि स्थानीय तहको सिफारिसमा केही किसानबाट ५५ क्विन्टलसम्म लिने गरिएको छ । धान बिक्री गर्नेहरूमा धनुषाको लक्ष्मीनिया, नगराइन र क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसानहरू बढी रहेका छन् । सरकारले यस वर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ६ रुपैयाँ ३३ पैसा तोकेको छ । किसानलाई धानको भुक्तानी सिधै उनीहरूको बैंक खातामा पठाउने व्यवस्था मिलाइएको प्रादेशिक प्रमुख निर्मल थापाले जानकारी दिएका छन् ।

कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखेर बिहान १० बजेदेखि साँझ ५ बजेसम्म धान संकलनको काम भइरहेको छ । खरिद गर्नुअघि कम्पनीले धानको गुणस्तर परीक्षण गर्ने गरेको छ । गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिका अनुसार मापदण्ड पुगेका गुणस्तरीय धान मात्र खरिद गरिएको छ । स्थानीय बजारमा उचित मूल्य नपाउने चिन्तामा रहेका किसानहरूका लागि सरकारी समर्थन मूल्यमा धान खरिद सुरु भएपछि राहत मिलेको छ । अझै धेरै किसानहरू धान बिक्रीका लागि नाम दर्ता गराएर पालो पर्खिरहेका छन् ।

### मधेश : कांग्रेसका...

पनि काठमाण्डौं जान आग्रह र खबर गरिरहेका छौं । संख्या अझै बढ्ला नै घटदैन ।'

कांग्रेस मधेशका उपसभापति सिंह महाधिवेशन प्रतिनिधि रहेको सर्लाही जिल्लाबाट १ सय ३ जना महाधिवेशन प्रतिनीधिमध्ये ७० जना विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । पर्सामा एक सय जना महाधिवेशन प्रतिनिधिमा ४० जना विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । महामन्त्री थापा समर्थक नेता सुरेन्द्र चौधरीले विशेष महाधिवेशनको पक्षमा अझै ५–७ जना महाधिवेशन प्रतिनीधि थपिने बताए । तर, पार्टी सभापति शेरबहादुर देउवा पक्षका पर्साका नेता रमेश पाण्डेले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका धेरैजनाले फिर्ता लिइसकेकाले पर्साबाट बढीमा १४–१५ जना मात्र विशेष महाधिवेशनको पक्षमा रहेको दाबी गरे ।

बारामा पनि १ सय ४ जना महाधिवेशन प्रतिनिधिमा ६३ जना विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । रौतहटमा भने १ सय १० जना महाधिवेशन प्रतिनिधिमा २१ जना मात्रले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । रौतहट मधेश प्रदेश कांग्रेस समितिका सभापति एवं मुख्यमन्त्री कृष्णप्रसाद यादवको गृह जिल्ला हो । यादव भने देउवानिकट हुन् । महोत्तरीमा १ सय ५ जना महाधिवेशन प्रतिनिधिमा ५४ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । महामन्त्री थापानिकट महोत्तरीका नेता पोषण थापाका अनुसार अझै ६ जना महाधिवेशन प्रतिनिधि सम्पर्कमा रहेकाले संख्या बढ्नेछ ।

यस्तै, धनुषामा एक सयजना महाधिवेशन प्रतिनिधिमा २३ जनाले विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । धनुषा देउवानिकट नेता विमलेन्द्र निधिको गृह जिल्ला हो । धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ बाट महाधिवेशन प्रतिनीधि बनेका जीवनाथ चौधरीले आफू पनि विशेष महाधिवेशनको पक्षमा रहेको बताए । मलगायत अरु साथीहरु हस्ताक्षर गर्न बाँकी छ । त्यसैले धनुषामा पनि संख्या बढ्नेछ,' चौधरीले भने, धनुषामा १०–१५ जना महाधिवेशन प्रतिनिधि अझै थपिनेछ ।' उनका अनुसार कांग्रेसमा पुराना र शीर्ष नेताको मनपरी र हैकमवादविरुद्ध आफूहरु नयाँ नेतृत्वका लागि विशेष महाधिवेशनको पक्षधर बनेको हो ।

कांग्रेसमा सिमिति नेता र उनको परिवारले मात्र अवसर पाउने गरेको छ,' चौधरीले भने, वर्षौंदेखि पार्टीप्रति समर्पित कार्यकर्ताले अवसर नै पाउँदैन् । नयाँ नेतृत्वले नै कांग्रेसलाई नयाँ दिशा र नीति लिने भएकाले विशेष महाधिवेशन हुनुपर्छ ।' धनुषाबाटै महाधिवेशन प्रतिनिधि रहेका धीरेन्द्रमोहन भाले भदौ २३ गते भएको जेन–जी आन्दोलनको भावना र मर्मअनुसार पनि कांग्रेसमा युवा नेतृत्वको पालो आएको बताए । कांग्रेसमा सधैं एउटै मान्छेको शासन कति दिनसम्म चल्ला ? सीमित नेताले नै लामो समयसम्म शासन गरे,' उनले भने, मधेशका कांग्रेसीले पार्टीमा नेतृत्व परिवर्तनको पक्षमा उभिएको छ ।' यता, सिरहा जिल्लामा १ सय १ जना महाधिवेशन प्रतिनिधिमध्ये ७६ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् ।

सप्तरीमा १ सयजना महाधिवेशन प्रतिनिधिमध्ये ६९ जना विशेष महाधिवेशनको पक्षमा उभिएको सप्तरी कांग्रेसका सचिव सनत मण्डलले जानकारी दिए । अघिल्लो महाधिवेशनमा पार्टी सभापति देउवाको गढ रहेको मधेश प्रदेश भने महामन्त्री थापाको बाक्लो दौडधुप र सम्बन्धका कारण उनका पक्षमा बहुमत महाधिवेशन प्रतिनिधि उभिएका हुन् ।

# जन्मदर्ता नहुँदा १७ वर्षीय विवेकले भोगेको पीडा



सर्लाही, २३ पुस । जिल्लाको हरिवन नगरपालिका–१ लिचीटोल निवासी विवेक परियार १७ वर्ष लागे । लाउलाउँ खाउखाउँ उमेरका उनी अहिले आफूसहित चार परिवारका एक्ला नाबालक अभिभावक हुन् । बिहान सबेरैदेखि राति अबेरसम्म ज्याला मजदुरी गरेर परिवारको भरणपोषण गर्नु उनको दैनिकी बनेको छ । ७५ वर्षकी जिजुहजुरआमा अतिरुपा, ६० वर्षकी हजुरआमा फूलमाया र १५ वर्षकी बहिनी बिविकाको जिम्मेवारी एक्ला नाबालक विवेकको काँधमा आइपरेको छ ।

चार वर्षको उमेरमै आमाले छाडेर गएपछि विवेकका दाजु बहिनी टुहुरो बन्नुपर्‍यो । मामाघरतर्फको हजुरआमाको शरणमा हुर्किएका विवेकले कक्षा ३ सम्म गाउँ नजिकैको आधारभूत विद्यालयमा अध्ययन गरे । तर, भर्ना गर्न जन्मदर्ता नभएपछि पढाइ छाड्नुपर्‍यो । चुरेको काखमा लगभग १० धुर ऐलानी जग्गा चर्चेर विवेकको परिवार बसिरहेका छन् । टाउको लुकाउन बनाएको टिनको सानो छाप्रोबाहेक सम्पत्तिका नाममा केही पनि छैन ।

बाल्यकाल निकै सघर्षमा बिताएका विवेकले गाउँमै साहुको ट्याक्टरमा बालुवा लोड गर्ने कामबाट मजदुरी सुरु गरे । अहिले उहाँ एउटा कुशल ट्याक्टर चालक बनिसकेका छन् । तर, आफू जन्मेहुर्केको देशमा अनागरिक बन्नुपर्दा सीपसमेत बेकार बनेको छ । "निकै दुःख गरेर एउटा सीप सिकेको थिएँ, लाइसेन्स बनाउन पाए यसैको सहाराले परिवारको भरणपोषण गर्ने थिएँ । कागजात नहुँदा ट्याक्टर चलाएर परिवार पाल्ने सपना पनि अधुरो हुने भयो", उनले सुनाए । "विवेकको आमाले सानैमा छाडेर गइन्", विवेकका जिजुहजुरआमा अतिरुपाले भनिन्, "बुबाको पनि अत्तोपत्तो छैन । केही समय पहिला ज्वाइँ आइपुग्नुभएको थियो ।

सोधीखोजी गरेका थियौँ । उहाँकै केही कागजात बनेको रहेनछ । त्यसपछि फेरि त्यसै हराउनुभयो ।" विवेकका हजुरबुबाको पनि कुनै कागजात फेला नपरेको अतिरुपाको भनाइ छ । कागजात भएका घरतर्फका आफन्त कोही फेला नपरेका कारण दुई पनाति पनातिनीको भविष्य नै अन्धकार बनेको उनले दुखेसो पोखिन् ।

विवेककी हजुरआमा बोल्न सक्दिनन् । जन्मजातै फरक क्षमताकी हुन् । जिजुहजुरआमा पनि वृद्ध भइसकिन् । बहिनीको भविष्यको चिन्ताले विवेकलाई सताइरहन्छ । ज्याला मजदुरी गरेरै भए पनि बहिनीलाई ठूलो मान्छे बनाउने उनको सपना छ । तर, परिस्थितिले देशको नागरिकसम्म बन्ने हैसियत दिएन– दुई दाजुबहिनीलाई । एकपटक जन्मदर्ताका लागि स्थानीयवासीको सल्लाहमा दाजुबहिनी वडा कार्यालयसम्म पुगे पनि कुनै प्रमाण नभएको भन्दै त्यसै फर्कनुपरेको उनीहरूको गुनासो छ । विवेकले जेनतेन बहिनी बिविकालाई हरिवन नगरपालिका–१ पटौनामा रहेको पटौना आधारभूत विद्यालयमा पढाएका छन् । कक्षा ७ मा पढ्ने बिविकालाई अर्को वर्ष कक्षा ८ मा अनिवार्य भर्ना गर्नुपर्छ भन्दै विद्यालयले जन्मदर्ता मागेको छ । तर, कसरी जन्मदर्ता बन्छ भन्ने केही थाहा नभएको उनले सुनाए । बहिनीले पनि आफूले जस्तै पढाइ छाड्नुपर्ने हो कि भन्ने उनलाई चिन्ता छ । आफू र बहिनीको जन्मदर्तामात्र बने पनि अलपत्र बन्नुपर्ने थिएन भन्ने उनलाई लागेको छ । आफ्नो र बहिनीको जन्मदर्ताका लागि पहल गरिदिन उनले आग्रहसमेत गरे । अर्कातर्फ विवेकको परिवारलेप्रयोग गरिरहेको सानो बाँससमेत जीर्ण बनेर ढलेपछि अहिले परिवारलाई थप समस्या भएको छ । जसले गर्दा अहिले टाउको लुकाउने ठाउँसमेत नभएको उनले सुनाए । छिमेकीकोमा शरण लिएर बस्नुपरेको भन्दै विवेकले पुरानो घर भएको ठाउँमा ऋणधन गरेर भए पनि एउटा घर बनाउने सपना रहेको बताए । तर, काम गरेर तिर्छु भन्नलाई समेत कुनै कागजात नहुँदा ऋण पाउने आशा नरहेको उनको दुखेसो थियो । निकै

-बाँकी अन्तिम पेजमा

# सरकारले चुनाव भनेको छ, तर वातावरण छैन : ओली

काठमाडौं, २३ पुस । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारले चुनाव चुनाव भने पनि चुनावी वातावरण नभएको दाबी गरेका छन् । नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठनको ३५ औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमलाई बुधबार काठमाडौंमा सम्बोधन गर्दै ओलीले अनाडीहरू जेनजीका प्रतिनिधि भएको भन्दै सरकारमा रहेकाहरूलाई डेमोक्रेसीप्रति कुनै माया नभएको बताए । अब अहिले सरकारले चुनाव भनेको छ तर चुनावी वातावरण छैन,'ओलीले भने, खोसिएका हतियार अझै जम्मा भैसकेका छैनन् ।

जेल फोडेर बाहिर निस्केका मानिसहरू सरकारको नियन्त्रणमा आएका छैनन् ।' विभिन्न प्रकारका घटनाहरू आपराधिक घटना भइरहेको भन्दै उनले चुनावमा अझ बढी घटना हुनसक्ने बताए । अर्कोतिर जेनजीका नाममा केही अवाञ्छित तत्वहरू सक्रिय भइरहेको देखिन्छ । अहिलेको मन्त्रिपरिषद् हुर्नुपर्छ । जेनजी नामका आग्रही, पूर्वाग्रही, प्रतिशोधी मानसिकताका तत्त्वहरू । अनाडी सडक छाप कहाँबाट जेनजीका प्रतिनिधि भए थाहा छैन । देश चलाउने जिम्मा त्यस्ताहरूको हातमा पुगेको छ', ओलीको भनाइ छ ।

पूर्वप्रधानमन्त्री समेत रहेका ओलीले ती मानिसहरूमा डेमोक्रेसी फर्काउनुपर्छ भन्ने कुनै चेत नभएको बताए । राष्ट्रपति, प्रधानमन्त्री, सभामुख सबै हटाउने बाटो संविधानमा भए पनि देशमा आगजनी गरिएको बताए । उनले देश जलेपछि आफूले राजीनामा दिएको र अहिलेको सरकार आउनुबाहेक केही नभएको बताए । उनले वर्तमान सरकारको काम चुनाव गराउने भए पनि राजदूत फिर्तामा लागेको तथा सुरक्षा निकायको मनोबल उठाउने काममा सरकार नलागेकाले चुनाव हुनसक्ने अवस्था नरहेको बताए । प्रधानमन्त्रीले सेना परिचालन गरेर निर्वाचन गराउने भनेर अफवाह फैलाएको भन्दै सेनाले बुथमा मतदान अधिकृतका जसरी बस्छ ? भन्दै प्रश्न गरे ।

**बालविवाह केवल अपराध मात्र नभई बालबालिकाको सम्पूर्ण जीवनमा गम्भीर असर पार्ने सामाजिक कुसंस्कार हो । यसले उनीहरूको स्वास्थ्यमा जोखिम ल्याउने, शिक्षामा बाधा पुर्‍याउने र उज्ज्वल भविष्य नै खोस्ने काम गर्छ । १८ वर्षभन्दा कम उमेरका छोरा–छोरीको विवाह कानूनले पूर्ण रूपमा रोक लगाएको छ । समाजले पनि यसबाट सचेत हुन आवश्यक छ ।**

# मधेशी र मुस्लिम आयोगका पदाधिकारीसँग गृहमन्त्रीको छलफल




जनकपुर, २३ पुस । गृहमन्त्री ओमप्रकाश अर्यालले ललितपुरस्थित मधेशी आयोग र मुस्लिम आयोगमा पुगी आयोगका पदाधिकारीहरूसँग भेटघाट तथा समसामयिक विषयमा छलफल गरेका छन् । पछिल्ला दिनमा तराई मधेशका केही जिल्लामा सतहमा देखिएका साम्प्रदायीक असहिष्णुताका घटनाक्रमबारे छलफल केन्द्रित भएको हो। मन्त्री अर्यालले ललितपुर जावलाखेलमा रहेको मुस्लिम आयोगमा आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलि तथा आयोगका अन्य पदाधिकारीहरूले र मधेशी आयोग ज्वागलमा आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह तथा आयोगका अन्य पदाधिकारीसँग छलफल गरे । त्यस्तै संविधानले संवैधानिक निकायको रुपमा व्यवस्था गरेका दुवै आयोगहरुको काम, कर्तव्य, अधिकार, आयोगले भोगिरहेका समस्या तथा सरकारसँग आयोगका अपेक्षालगायतका विषयमा पनि आयोगका पदाधिकारीहरुले मन्त्री अर्याललाई जानकारी गराए । छलफलको क्रममा मन्त्री अर्यालले धार्मिक सम्प्रदायबीच आपसी सद्भाव कायम गर्न मधेशी, थारु र मुस्लिम आयोगबाट जारी भएको संयुक्त अपिलको खुलेर प्रशंसा गरे । शान्ति तथा सामाजिक सद्भाव समिति गठनलगायतका कार्यहरु गर्न गृह मन्त्रालयद्वारा ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई जारी गरीएको सर्कुलरको आयोगका पदाधिकारीहरुले स्वागत गरे । गृह मन्त्री अर्यालले आयोगलाई आवश्यक सहयोग गर्न सरकार सधैँ तत्पर रहेको विश्वास दिलाउँदै कतिपय विषयहरूमा आयोगका तर्फबाट आवश्यकता अनुसार नेपाल सरकारलाई ध्यानाकर्षण तथा सल्लाह, सुझावको अपेक्षासमेत राखे ।

# राष्ट्रिय सभा निर्वाचनका लागि मधेस प्रदेशबाट ११ जना उम्मेदवार



जनकपुर, २३ पुस । राष्ट्रिय सभा निर्वाचनका लागि मधेस प्रदेशबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका छन् । मधेसमा ४ राष्ट्रिय सभा सीटका लागि काँग्रेस-एमाले गठबन्धन, नेपाली कम्युनिष्ट पार्टी, लोसपा नेपाल तथा जसपा नेपालबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका हुन् । लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अन्यतर्फ उम्मेदवारी दर्ता गराउनुभएको छ । उहाँको उम्मेदवारीमा लोसपाको मधेस प्रदेश सभा सदस्य जयनुल राइन प्रस्तावक र रानी शर्मा तिवारी समर्थक बसेका थिए । ठाकुरको उम्मेदवारीमा जसपा नेपालको पनि समर्थन छ । त्यस्तै मधेसमा जसपा नेपालबाट राष्ट्रियसभा सदस्यका लागि तीनजनाको उम्मेदवारी दर्ता भएको छ । जसपा नेपालबाट अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासले उम्मेदवारी गराएका हुन् । जसपा नेपालबाट उम्मेदवारी दिने चौधरी सप्तरी, साह सिरहा र दास धनुषाकी हुन् । नेपाली कम्युनिस्ट पार्टी(नेकपा)बाट दलित कोटामा शम्भु पासवान, अल्पसंख्यकबाट रामनन्दन प्रसाद, अन्यबाट लक्ष्मण पौडेल र मधेसी कोटाबाट समी कुमारी अग्रवालले उम्मेदवारी दर्ता गराएका हुन् । त्यस्तै काँग्रेस-एमाले गठबन्धनबाट दलित कोटामा काँग्रेसका अमरेन्द्र पासवान, अल्पसंख्यक कोटामा काँग्रेसका रञ्जित कर्ण र महिला कोटामा एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएका हुन् ।

## ढुङ्गा हान्ने हात...

बस त्यसलाई ट्राफिक प्रहरीले जस्तै परबाट नियाल्नु मात्र काफी छ ।

अगाडि बुद्धको त्यो प्रतिमा छ, कुनै प्रश्न छैन, कुनै उत्तरको हतारो छैन । उनी केवल हुनु' को अर्थ सिकाइरहेका छन् । म फेरि श्वासलाई श्वासकै रूपमा महसुस गर्छु । मेरो नाङ्गो खुट्टाले धर्ती छोएको त्यो महसुस गर्दै ओशोले भन्नुभएको सम्झन्छु । ध्यान भनेको संसारबाट भागेर गुफामा लुक्नु होइन । ध्यान त आँखा खुला हुँदा पनि, यो कोलाहलको बीचमा उभिएर पनि आफ्नो होसमा रहन सक्नु हो । विस्तारै आफ्नो पाइला होसपूर्वक चाल्दै अघि बढें । स्तूप वरिपरि मान्छेहरू बोलिरहेका छैनन् । यहाँ शब्द होइन, श्वासले संवाद गरिरहेछ । मान्छेका पाइलाहरू कति होसपूर्वक राखिएका छन्! यहाँ हिंडाइ पनि त एउटा ध्यान नै हो, अवचेतनमा होइन, पूर्ण सजगताका साथ। स्तूपको फन्को लगाएर अगाडि बढ्दा मभित्र एउटा फरक खालको रिक्तता र पूर्णता दुवै महसुस भइरहेको छ । मेरो साथमा मेरो परिवार छ, थाई साथीहरू छन् र मनमा ओशोको त्यो शून्यताको सन्देश। म अब नेपाल फर्किंदैछु । हो, हाम्रो देशमा अहिले धेरै कुरा भद्रगोल छ—राजनीति अस्थिर छ, अवसरहरू साँघुरिएका छन्, र मान्छेका आकाङ्क्षाहरू निराशामा बदलिँदै छन् ।

तर, यही भद्रगोलभित्रै त हाम्रा साफा जराहरू' छन् । यहींनेर मलाई बोध हुन्छ—हामी सधैं बाहिरको बगैंचा सफा गर्न खोज्छौं, तर आफ्नै मनको आँगनमा उम्रिएका झारपातलाई देख्दैनौं । हामी व्यवस्था त बदल्न चाहन्छौं, तर त्यो व्यवस्था सञ्चालन गर्ने चेतना' बदल्न बिर्सन्छौं । बुद्धको मौनले मलाई के सिकायो भने, संसारको सबैभन्दा ठूलो क्रान्ति सडकबाट होइन, आफ्नै श्वासको गति र होसको गहिराइबाट शुरु हुन्छ । जब हामी आफैंभित्रको द्वन्द्वसँग हार स्वीकार गर्छौं, तब मात्र हामी बाहिर जित' को भ्रम खोज्न थाल्छौं । त्यसैले, विशेषगरी नेतृत्वको आकाङ्क्षा बोकेर चुनावी मैदानमा उत्रिनुहुनेहरूका लागि र सत्ता-शक्तिको दौडमा निस्कनुअघि एउटै सन्देश, जसले आफ्नो मनको भूगोललाई चिन्न सकेको छैन र जो आफैंभित्रको कोलाहल शान्त पार्न सक्दैन, उसले देशको नक्शा सुधार्ने सामर्थ्य राख्दैन । जसको आफ्नै जहाज तुफानमा हल्लिरहेको छ, उसले अरूलाई कहिल्यै किनारा लगाउन सक्दैन । बाहिरको व्यवस्था बदल्ने हतारो गर्नुभन्दा पहिले आफूभित्रको अहंकार र आक्रोशको व्यवस्थापन गर्नुहोस्‌ किनकि हामीलाई यस्तो नेता चाहिएको छैन जसले ढुङ्गा हान्न सिकाओस्, हामीलाई त यस्तो नेतृत्व चाहिएको छ जसले आँखा चिम्लेर आफ्नो रिसलाई चिन्न सिकाओस् । सम्झनुहोस्, एउटा अशान्त मनले समाजलाई दिने उपहार अशान्ति बाहेक अरू केही हुन सक्दैन । ब्युँझिएको एउटा नागरिक, सुतेका हजारौंको भीडभन्दा शक्तिशाली हुन्छ । त्यसैले, मतपत्रमा छाप लगाउनुअघि आफ्नो मनको ऐनामा एकपटक विवेकको छाप' लगाउन नबिर्सौं ।

## जन्मदर्ता नहुँदा...

इमानदार र मेहेनती विवेकको परिवारले उनैको भरथेगमा गुजारा गरिरहेको स्थानीय सुवास श्रेष्ठले बताए । पढाइलेखाइ गर्न नपाएका विवेकले ट्याक्टर चलाउन सिकेर जीविका चलाउने आधार बनाए पनि पूरा गर्न नसकेको उनको भनाइ थियो । विद्यमान कानुनी व्यवस्थाका कारण उनको जन्मदर्ता बन्न नसक्दा उनीसहित उनको भावी पिँढीले समेत अनागरिकको जीवन बाँच्नुपर्ने अवस्था देखिएको भन्दै दुःख व्यक्त गरे । विवेकको समस्याका विषयमा वडाका तर्फबाट हुनेसम्म गर्न आफू तयार रहेको वडाध्यक्ष टमबहादुर घिसिङले बताए । नाबालक र नाबालिकाको जन्मदर्ताका विषयमा आफूले वडासचिवसँग नियमित कुराकानी गरेर कानुनी प्रक्रियाअनुसार निकासका लागि पहल गरिरहेको उनले बताए । "कानुनले दिएको दायरमा रहेर उहाँहरूको कागजात बनाउने कुरामा पहल गरिरहेको छु", वडाध्यक्ष घिसिङले भने ।


# सखुवानन्कारकट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सखुवानन्कारकट्टी, सिरहा
मधेश प्रदेश, नेपाल

सुचना ! सुचना !! सुचना !!!

*प्रथम पटक सुचना प्रकाशित मिति २०८२/०९/२४*

यस सखुवानन्कारकट्टी गाउँपालिकाको निर्णय अनुसार चालु आ.व. बर्ष २०८२/०८३ को लागि देहाय बमोजिम स्वीकृत सीप विकास तालिम तथा जनचेतना सम्बन्धी तालिम कार्यक्रमहरु गैर सरकारी संस्था समुदायमा आधारित संस्थाहरुको सहकार्यमा संचालन गर्नु पर्ने भएकोले देहायमा उल्लेखित कार्यक्रमहरुको लागि कानून वमोजिम योग्यता पुगेका गैर सरकारी संस्था/समुदायमा अधारीत संस्थाहरुबाट तपसिल अनुसारको प्रमाणित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०८२/१०/०८ गते सम्म प्रस्ताव पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| कार्यक्रम नं. | कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | महिलाहरुलाई सिप विकास सम्बन्धी तालिम – वडा नं ५ | १०,००,०००/- |
| २ | कृषि प्रविधि हस्तान्तरण तथा सिप विकास तालिम – वडा नं १ देखी ५ सम्म | ५,००,०००/- |
| ३ | कृषि प्रविधि हस्तान्तरण तथा सिप विकास तालिम – वडा नं ४ | ५,००,०००/- |
| ४ | डलकुश बनाउने तालीम – वडा नं. ३ | ५,००,०००/- |
| ५ | क्रिस्टलको गहना बनाउने तालिम वडा नं. ३ | ५,००,०००/- |
| ६ | जलवायु परिवर्तन सम्बन्धी तालिम – वडा नं ५ | ५,००,०००/- |
| ७ | घरेलु हिंसा तथा सामाजिक अपराध नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम | ५,००,०००/- |
| ८ | मा.वि. महेशवारीमा बाल विवाह तथा दाईजो प्रथा सम्बन्धी तालिम | ५,००,०००/- |
| ९ | लागु औषध नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम वडा नं. ३ | ५,००,०००/- |
| १० | श्री आ.वि. सखुवानन्कारकट्टी-४ सिमराहामा साइवर अपराध तथा बाल-बालिकामा हुने विभिन्न अपराध सम्बन्धी सचेतना कार्यक्रम | ५,००,०००/- |
| ११ | श्री मा.वि. महेशवारीमा लागु औषध दुर्वयसनी, धुम्रपान र मध्यपान सम्बन्धी सचेतना कार्यक्रम | ५,००,०००/- |

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :-**

१. आधिकारीक निकायमा दर्ता आवद्धता भएको ।
२. संस्था नविकरण भएको प्रमाणपत्र ।
३. लेखा परिक्षण भएको प्रतिवेदन ।
४. भ्याटमा दर्ता भएको प्रमाण पत्र ।
५. आर्थिक वर्ष २०८१/०८२ को आयकर चुक्ता प्रमाण पत्र ।
६. प्रत्येक कार्यक्रमको लागि छुट्टाछुट्टै प्रस्तावनापत्र बुझाउनु पर्नेछ ।
७. प्रस्तावित कार्यक्रमको बिस्तृत कार्ययोजना पेश गर्नुपर्नेछ ।
८. संघ संस्थाले सम्बन्धित कार्य गर्ने प्राविधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यता प्रमाणपत्र तथा अनुभव प्रमाण पेश गर्नुपर्नेछ ।
९. संस्थाको प्रोफाइल अनिवार्य पेश गर्नुपर्नेछ ।
१०. कार्यक्रम नं. १ को ६ दिन र बाँकी सबै कार्यक्रम को ३ दिन सञ्चालन अवधि राखेर प्रस्तावना पेश गर्नुपर्नेछ ।
११. कार्यक्रम नं. १ को लागि ३५/३५ जनाको समूह बनाई ३/३ दिन संचालन हुने गरी जम्मा सहभागीको संख्या ७० जना, कार्यक्रम नं. २ देखि ५ सम्मको लागि सहभागीको संख्या ३५ जना, कार्यक्रम नं. ६ देखी ११ सम्मको लागि सहभागीको संख्या ५० जना हुनुपर्नेछ ।
१२. सखुवानन्कारकट्टी गाउँ कार्यपालिकाको कार्यालयले उपलब्ध गराएको BOQ सखुवानन्कारकट्टी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८१ बमोजिम भरी पेश गर्नु पर्नेछ ।
१३. सबै पेश भएका प्रस्तावना पत्रहरु १६ औं दिनको १:०० बजे खोलिनेछ । सो दिन विदा पर्ने भएमा त्यसको भोलिपल्ट खोलिनेछ ।

**छनौटका आधार :-**

१ कार्यक्रम संचालन गर्ने जनशक्तिको योग्यता दक्षता प्रभावकारीता मितव्यता र न्युनतम कबोल रकम तथा अन्य प्रचलित मापदण्ड समेतको आधारमा प्रस्ताव स्वीकृत गरिने छ ।
२ यस सूचना सम्बन्धीत कार्यक्रमको सन्दर्भमा मुल्यांकन स्वीकृत तथा अस्वीकृतको सम्पुर्ण अधिकार सखुवानन्कारकट्टी गाउँपालिकामा निहित रहने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**